# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## सुखीपुर नगरपालिका
## सिराहा ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. ४२७

मिति: २०७७।३।२६

श्री प्रमुखज्यू,
सुखीपुर नगरपालिका
सिराहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ | मितिः २०७७।३।२०
च.नं १३२

श्री प्रमुखज्यू,
सुखीपुर नगरपालिका
सिराहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सुखीपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ८३ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३५ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड १० लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २ लाख ९५ हजार र पेश्की बाँकी रु. ३४ लाख २८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही बमोजिम बेरुजु कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# सुखीपुर नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १० वडा रहेको ५४ नगरसभा सदस्य, ५४.७८ व.की.मी.क्षेत्रफल, ३७३९२ जनसंख्या २ नं प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचित कोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सिरहा नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारले संचालन गरेका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | रकम | सि.नं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | २६०४२७६९७.७७ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | २५०८६५९८८.०१ |
| | ख) बैंक | ६३३०१०२२.२८ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ७३९७८८७१.७३ | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ० | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | ० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ११३५८००००.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | २२२७८५०००.०० | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | ५ | **धरौटी फिर्ता** | ३०४९७४६.७४ |
| | घ) विशेष अनुदान | ० | ६ | **कोष खर्च** | ३१८०५६६.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | १३९१००००.०० | ७ | **मौज्दात** | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ० | | क) नगद मौज्दात | ० |
| | ख) सशर्त अनुदान | ० | | ख) बैंक मौज्दात | १६३४४५४३.९६ |
| | ग) समपूरक अनुदान | ० | | | ० |
| | घ) विशेष अनुदान | ० | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ४००००००.०० | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| १० | **धरौटी आय** | ७३९६६१३.१५ | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | ० |
| १२ | **अन्य विविध आय** | ३१५२४७९.०० | | | ० |
| | **विभिन्न दायित्व वांकी** | ३१७६४५५६.३२ | | | ० |
| | **जम्मा** | **५३३८६८५४२.४८** | | **जम्मा** | **५३३८६८५४२.४८** |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् :

**लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षातर्फ जोडजम्मा फरक भएको रु. ३६,०००।०० असूल भै राजस्व दाखिला गरेको छ ।**

१. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाले देहाय बमोजिम वार्षिक रु. ९८ लाख ६४ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|
| वर्षिक सुविधा | ४२०००० | ३७२००० | २६४०००० | २११२००० | २५२०००० | ८०६४००० |
| वैठक भत्ता | ३६००० | ३६००० | ३६०००० | २८८००० | १०८०००० | १८००००० |
| जम्मा | | | | | | ९८६४००० |

२. **कानुन तथा कार्यविधि निर्माण सम्वन्धमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानुन स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानुन स्थानीय राजपत्रमा प्रकाशित नगरेसम्म लागू नहुने व्यवस्था रहेको छ । यस नगरपालिकाले कुनै पनि ऐन नियम पारित तथा राजपत्रमा प्रकाशन गरेको देखिएन ।

३. **राजश्वको अनुमानमा र वास्तविक असुली विवरण** : नगरपालिकाले यस वर्ष आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत रु. १ करोड ९९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ९५ लाख ८३ हजार मात्र निम्नानुसार आय भएकोले अनुमानको तुलनामा ४८ प्रतिशत मात्र आय प्राप्त गरेको छ ।

| क्र.सं. | राजश्व शिर्षक | खुद प्राप्त रकम |
|---|---|---|
| १ | आन्तरिक राजस्व | ९५,८३,०४७।०० |

४. **खर्च गर्ने अख्तियारी र कार्यविधि** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सो को लिखित रुपमा कारवाही भएको देखिएन ।

५. **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आयव्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था भएकोमा मिति २०७५।०३।०९ मा सभा बसी बजेट स्वीकृत गरेको पाइयो ।

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो । अतः पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ ।<br>(क) अधुरो योजना चालु वर्षको कार्यक्रमा पूर्णतया समावेश गर्नु पर्ने ।<br>(ख) एकीकृत सम्पत्ति करको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने ।<br>(ग) कार्यालयको विगत वर्षदेखिको कुल बेरुजु देखिने गरी वार्षिक संक्षिप्त प्रतिवेदन अनुसूची १४ (म.ले.प.फा.नं २११) तयार नगरेको ।<br>(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्दा MIS विवरणसंग मेल खानु पर्ने ।<br>(ङ) घरको नक्सा पास व्यवस्था सबैलाई अनिवार्य लागु गरी भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्नु पर्ने ।<br>(च) भ्रमण अभिलेख खाता नरहेको ।<br>(छ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने ।<br>(ज) नागरिक वडापत्रमा सेवा प्रवाहको लागि लाग्ने दस्तुर, समय, जिम्मेवार कर्मचारी किटान गरी प्रकाशन गर्नु पर्ने ।<br>(झ) कर्मचारीको तलवी प्रतिवेदन पास आंशिक रुपमा मात्र रहेकोले सबैको पारित गरी तलव खर्च लेख्नु पर्ने ।<br>(ञ) श्रेस्ताहरु (बैंक नगदी किताव, लेजर, दैनिक आम्दानी अभिलेख, आदि) प्रमाणित गरी राख्नु पर्ने ।<br>(ट) पेश भएको म.ले.प.फा.नं.४७, ५२ र जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नु पर्ने सामानहरु ३ महिना भित्रमा अनिवार्य रुपमा मर्मत गराई अद्यावधिक रुपमा राख्नु पर्दछ<br>(ठ) तोकिएको चौमासिकमा कार्यक्रम सम्पन्न गर्न नसकिएको । जसले गर्दा निश्चित उद्देश्य प्राप्तीमा प्रभाव पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ७. | **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ८. | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कर्मचारी दरवन्दी ४८ रहे पनि पदपूर्ति २१ मात्र रहेको र २७ पद रिक्त रहेका छन् । दरवन्दी अनुसारको स्थायी पदपूर्ति भएको नदेखिंदा सेवा प्रवाह प्रभावित हुने देखिन्छ । तसर्थ यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ९. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १०. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्न सूचना जारी गरेकोमा अधिकांश व्यवसाय दर्ता हुन आएको, कुनै कुनै व्यवसायी दर्ता हुन नआएको उल्लेख छ । नगरपालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| ११. | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट हुने आय तर्फ लक्ष्य नतोकिनुको साथै कुनै आय आर्जन गरेको समेत पाइएन । यातायात व्यवस्था कार्यालयसंग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| १२. | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका मुद्दा मामिला फछ्र्यौट गर्ने अधिकार नगरपालिकाको नगर उपप्रमुखलाई दिएको छ । नगरपालिकामा १३ मुद्दा दर्ता, ६ फछ्र्यौट र ७ बाँकी देखियो । | |
| १३. | **सशर्त अनुदान तर्फ**: विभिन्न शिर्षकमा खर्च भै वांकी रहेको बजेट संघीय कोषमा फिर्ता दाखिला हुनु पर्ने व्यवस्था भएकोमा समाजिक सुरक्षा वाहेक अन्य शीर्षकमा फिर्ता गर्नुपर्ने देखिएन । | |
| | <u>**वित्तीय समानीकरण** (पूंजीगत):</u> | |
| १४. | **परामर्श सेवाको लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले परामर्श कार्यमा संलग्न मुख्य जनशक्ति र अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च जनशक्तिको वसोवास खर्च, कार्यालय खर्च, उपकरण खर्च, प्रतिवेदन खर्च, छपाइ खर्च, आदि संलग्न गरी लागत अनुमान तयार गर्नु पर्दछ । यस कार्यालयले नगरपालिकाको निम्न परामर्श कार्यको लागि परामर्शदाता नियुक्त गरी निम्नानुसार खर्च लेखेकोमा कुन आधारमा के कति लागत अनुमान तयार गरेको हो नखुलाई परामर्शदाता नियुक्त गरी खर्च लेखेकोले सो को आधार प्रमाण स्पस्ट गर्नु पर्दछ । | |

| परामर्शदाता | विषय | खर्च रकम |
|---|---|---|
| एन आर एन मिडिया, काठ. | वालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ४९९,४६०।०० |
| डेभलपमेन्ट पार्टनर प्रा.लि. काठ. | वातावरणमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखीकरण एवं उत्प्रेरणा | ४९८,३३०।०० |
| अतिथि इन्टरनेशनल कन्सल्टेन्सी | नगरपालिकाको राजस्व सुधार कार्य योजना | १९६८,९७०।०० |
| श्रेया सर्भिस प्रा. लि. नयांवानेश्वर | फोहरमैला मार्गदर्शन रणनीति सम्वन्धी प्रतिवदन तयार गर्ने | ४९८,३३०।०० |
| ,, | राजस्व सुधार कार्य योजना अध्ययन परियोजना | १९९६,२५८।०० |
| आवर मिडिया इन्टरनेशनल प्रा.लि.अनामनगर | विपत पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | ४९८,३३०।०० |
| सेन्टर फर सस्टेनेवल डेभलपमेन्ट प्रा.लि.ललितपुर | नगरको वस्तुस्थिति विवरण तयार गर्ने | १९६६,२३३।०० |
| लाइफ टाइम कन्सल्टेन्सी प्रा.लि.काठमाडौं | प्राथमिक उपचार सम्वन्धी तालीम | ४८०,३३०।०० |
| नेपाल क्रियटिभ हाउस प्रा.लि. | सरसफाइ तथा जलवायु परिवर्तन सम्वन्धी | ४९८,३३०।०० |
| | | ८,९०४,५७१।० |

<u>**जिन्सी आम्दानी**</u>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १५. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ वमोजिम सार्वजनिक निकायले कार्यालयमा खरिद गरी प्राप्त भएका वा हस्तान्तरण भै आएका जिन्सी सामान ७ दिन भित्र आम्दानी वांधी जिन्सी अद्यावधिक गर्नु पर्नेमा यस कार्यालयले खरिद गरेका निम्न २ मोटरसाइकलहरु हालसम्म पनि नामसारी गरी राखेको नपाइएको र नम्बर प्लेट उल्लेख नगरी प्रयोग गरेको पाइएकोले सम्वन्धित यातायात व्यवस्था कार्यालयबाट यस कार्यालयको नाममा नामसारी गरी व्ल्यू बुक लिई नयां नम्बर प्लेट समेत लिई जिन्सी खाता अद्यावधिक गर्नु पर्ने रु. .. | ५,३१,८००।०० |

| सवारी साधान | सप्लायर्स | हाल प्रयोग कर्ता | मूल्य |
|---|---|---|---|
| आर टि आर अपाचे १८० सिसि | राज अटोमोवाइल्स | मेयर | २७९,९००।०० |
| टिभिएस अपाचे १५० सिसि | जयमाता दुर्गा सप्लायर्स, मिचैया | सवइन्जिनियर मनोज कुमार साह | २५१,९००।०० |
| जम्मा | | | ५३१,८००।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १६. | **बढी रड खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताका कामको प्राविधिक मूल्यांकन, विल भपाइ र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजातहरु सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस कार्यालय मातहत निम्नानुसार सार्वजनिक निर्माण कार्य गर्दा उपभोक्ता समितिले पेश गरेको विल भर्पाइ तथा प्राविधिक मूल्यांकन भिडान गरी हेर्दा प्राविधिकले नापी किताव, तथा मूल्यांकन प्रतिवेदनमा खपत गरेको फलामे डण्डी भन्दा बढीको खरिद विजक राखी बढी भुक्तानी भएको देखिएकोले फरक परिमाणको प्रति के.जी. रु. ११५।५८ का दरले हुने उक्त रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नु पर्ने जम्मा रु. ... | २४,६२,३९४।०० |

| भौ. नं. र मिति | योजना | विल अनुसार रड खरिद | नापीकिताव अनुसार खपत | फरक | असूल गर्ने मूल्य |
|---|---|---|---|---|---|
| २८९ ०७६।३।३१ | विद्यालय भवन निर्माण वडा २ | ५७०५ | ३८४९ | १८५६ | २१४,५३६। |
| २८० ,, | वाउण्ड्री वाल वडा ३ | १३१० | ९०२ | ४०८ | ४७,१२०। |
| २७७ ,, | सामुदायिक भवन वडा ३ | ६६९९ | ४०६२ | २६३७ | १७९,२८५। |
| २५७ ,, | कम्पाउण्ड वाल वडा १ | ५९२ | ३७० | २२२ | २५,६५८। |
| २५४ ,, | प्राइमरी स्कूल भवन वडा ३ | २७१० | २०४८ | ६६२ | ७६,४६०। |
| २५३ ,, | स्ल्याव कल्भर्ट वडा ३ | १०५० | ४८० | ५७० | ६५,८८०। |
| २४८ ,, | शिवमन्दिर वडा १ | २२९० | ११२८ | ११६२ | १३४,३२२। |
| २४७ ,, | कर्ल्भट निर्माण वडा ५ | ८१४३ | ३९३० | ४२१३ | ४८६,९१८। |
| २४६ ,, | हाइस्कूल कम्पाउण्ड वाल वडा ७ | ११४० | ६६५ | ४७४ | ५४,८५०। |
| २३९ ,, | स्ल्याल कर्भट वडा १ | २६०१ | ४४३ | २१५८ | २४९,४३५। |
| २२८ ,, | इन्द्र मन्दिर वडा ८ | १४२३ | १३४२ | ८१ | ९,२५५। |
| २२४ ,, | पाहुना घर वडा ८ | ३५१८ | ४२० | ३०९८ | ३५७,९९०। |
| २२० ,, | भवन निर्माण वडा ७ | ६९४९ | ३१७१ | ३७७८ | ४३६,५९४। |
| २०६ ,, | राम मन्दिर वडा ६ | १२३० | ६२० | ६१० | ७०,४१०। |
| २०४ ,, | वडा ७ कार्यालय भवन | ५५३ | १५७ | ३९६ | ४५,७७०। |
| १८७ ,, | स्वास्थ्य चौकी भवन वडा ४ | १२०५० | ६७१२ | ५३३७ | ६१६,८५०। |
| | जम्मा | | | | २,४६२,३९४। |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १७. | **मू.अ.कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ बमोजिमको ढांचामा सिलसिलेवार नम्बर सहितको प्रिन्टेट बिजक जारी गर्नु पर्ने व्यवस्था छ। निम्नलिखित फर्मले जारी गरेको केही बिजकमा बिजक नं.केरमेट भएको, हातले लेखेको समेत पाइएकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असूल गर्नु पर्ने रु. ... | ५,६०,१६९।०० |

| भौ.नं. र मिति | फर्मको नाम | विजक नं. | मू.अ.कर |
|---|---|---|---|
| १७६ ०७६।३।३१ | शुभकामना श्री निर्माण तथा सप्लायर्स | ००००७, ०७६।३।२६ | २४,५७४।०० |
| १७७ ,, | ,, | ००००९, ,, | ७,५९३।०० |
| ३३१ ,, | ,, | ००००३ ,, | ११,०४४।०० |
| २११ ,, | अतिथि इन्टरनेशनल | ००००२६ ३।२४ | २२९,९७०।०० |
| २१२ ,, | श्रेया सर्भिस | ००००१८ ३।२२ | ५७,३३०।०० |
| २१३ ,, | ,, | ००००१९ ,, | २२९,६५८।०० |
| | जम्मा | | ५६०,१६९।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १८. | **बजेट सिद्धान्त विपरित खर्च** : नेपाल सरकार अर्थ मन्त्रालयको वजेट वर्गीकरण र व्याख्या अनुसार पूंजीगत प्रकृतिको बजेट शिर्षकबाट चालु प्रकृतिका खर्च गर्न नमिल्ने उल्लेख छ । निम्न गो.भौ.नं.बाट चालु खर्चमा बजेट खर्च गर्नु पर्ने रकमहरु पूंजीगत बजेटबाट खर्च लेखेको देखियो । यसरी विकास निर्माणमा खर्च गर्नु पर्ने रकम प्रशासनिक सामान्य खर्च गर्नाले विकास निर्माण कार्यमा वजेट अपुग हुने अवस्था देखियो । अत: यस प्रकारको खर्च गरेकोले नियमसम्मत नदेखिएको रु. ... | ५३,४२,६४५।०० |

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ५०, ०७५।१०।१६ | विद्यालय व्यवस्थापन खर्च | ४००,०००।०० |
| ९९, ०७६।३।८ | प्राथमिक उपचार तालिम | ४८०,३३०।०० |
| १०० ,, | सरसफाइ तथा जलवायु सम्वन्धी तालिम | ४९८,३३०।०० |
| ११८ ३।२४ | सूत्र सफ्टवेयरको तालिम | ४९८,८९५।०० |
| २०९ ३।३१ | वालमैत्री मानव सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ४९९,४६०।०० |
| २१० ,, | वातावरण मैत्री अभिमुखीकरण कार्यक्रम | ४९८,३३०।०० |
| २११ ,, | राजस्व सुधार कार्ययोजना तयारी | १९६८,९७०।०० |
| २१२ ,, | फोहरमैला मार्गदर्शन रणनीति सम्वन्धी प्रतिवेदन | ४९८,३३०।०० |
| | जम्मा | ७,३४२,६४५।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|
| १९. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गर्दा विशेष परिस्थितिमा वाहेक लोडर, इक्जाभेटर, रोलर, डोजर, ग्रेडर, आदि हेभी मेशिन प्रयोग गर्नु हुंदैन । साथै जटिल प्राविधिक पक्ष समावेश भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत नगराई प्रतिस्पर्धात्मक तरिकाले पेशेवार निर्माण व्यवसायीबाट गराउनु पर्दछ । यस नपा भित्र निम्नानुसार जटिल प्राविधिक पक्ष भएको भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराएको, केही अधूरो अवस्थामा रहेको समेत देखिएकोले आगामी दिनमा स्थानीय श्रम श्रोतबाट सम्पन्न गर्न सकिने सरल कामहरु मात्र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्ने दखियो । अत: उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएको निम्नानुसार आयोजनामा भएको खर्चको ठिक सदुपयोग भयो भनी यकिन गर्न सकिएन । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| भौ.नं. मिति | विवरण | खर्च |
|---|---|---|
| १८७ ०७६।३।३१ | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ४ | ३६१४,३३०।०० |
| २०६ ,, | राम मन्दिर वडा नं. ६ | ५९७,२६८।०० |
| २२० ,, | भवन निर्माण वडा नं. ७ (अधूरो) | १६५१,०५४।०० |
| | | ५,८६२,६५२।०० |

२० **उपभोक्ता समिति मार्फत नगराएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम रु. १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउनु पर्दछ । यस कार्यालयले निम्नानुसार विकास निर्माण कार्य रु. १ करोड लागत अनुमान भन्दा न्यून भए पनि उपभोक्ता समिति मार्फत नगराई निर्माण व्यवसायीबाट ठेक्कापट्टा प्रक्रिया अपनाइ सम्पन्न गरेको पाइयो । अतः नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट काम नगराएको सम्वन्धमा स्पष्ट गर्नु पर्दछ ।

| भौ.नं. मिति | कामको विवरण | निर्माण व्यवसायी | खर्च |
|---|---|---|---|
| २४ ०७५।८।१७ | माटो भर्ने कार्य | ,, ,, | ४९६,२८६।०० |
| ३५ ०७५।९।६ | रामजानकी मा वि मा माटो भर्ने | ज्योति कन्स्ट्रक्सन ,, | ४९३,५१३।०० |
| ३६ ०७५।९।६ | वनकुरा नदी कल्भर्टमा ,, ,, | राम ,, ,, | ४९४,६९१।०० |
| ४७ ०७५।१०।१६ | माटो तथा ग्राभेल सडक मर्मत | रोज एण्ड व्रदर्स ,, | १८१,४३४।०० |
| ८१ ०७५।१२।२५ | चौतारा निर्माण वडा नं. ५ | अम्बर नि.सेवा | १७२,४०४।०० |
| ११२ ०७६।३।१९ | सुखीपुर मोहनपुर बाटोको काम | जयमा दुर्गा भगवती कं. | १९४८,९१६।०० |
| १२७ ०७६।३।२६ | ,, सडक ग्राभेल | देव कन्स्ट्रक्सन | १९८५,३९१।०० |

२१) **जग्गा विवाद** : वडानं. ३ को कुटी चौकदेखि सुर नि.मा.वि.सम्म सडक कालोपत्रे गर्नको लागि वोलपत्रको प्रकृयाद्धारा शिवंम कन्स्ट्रक्सन र नगरपालिकाको विच रु. ५५,४२,४५२।- को ठेक्का अंकको ठेक्का दिन ०७५।११।१२ मा ठेक्का संझौता भएको थियो । संझौता भएकै समयमा कार्यालयले निर्माण व्यवसायीलाई काम सुरु गर्न कार्यादेश दिएकोमा जग्गा विवादको कारण देखाई उक्त काम आर्थिक वर्षको अन्तसम्म शुरु हुन नसकी विनियोजन वजेट रु.५७ लाख मौज्दातमै रहेको देखियो । कार्यालयको भनाई अनुसार प्रचलनमा रहेको वाटो र नापी कितावको व्ल्यू प्रिन्टमा देखाएको बाटो फरक परी जनताहरु वीचमा विवाद उत्पन्न भएकाले कामको शुरुवात हुन नसकेको देखियो । आयोजना छनौट गर्दा शुरुमै विचार पुर्‍याउन नसके जग्गा विवाद भएको ठाउंमा नगरसभाले कार्यक्रम राखेको देखिएकोले योजना छनौट प्रकयामा उचित ध्यान दिएको पाइएन । मिति २०७६।९।१३ म.ले.प.डोरबाट निरीक्षण गर्दा चालु आ.व. ०७६।७७ मा विवाद मिलाई माटोको काम शुरुआत गरको देखिन आयो ।

२२) भौ.नं. ८४ ०७६।२।१० : नगरसभाको मिति २०७५।३।८ मा बसेको वैठकले उपभोक्ता समिति मार्फत काम गराउँदा वडा नं ९ मा बौरम नदी बाँध निर्माण कार्य रु.१,११,९६८।०० को (१५ प्रतिशत) कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइयो । तर मूल्यांकन प्रतिवेदनमा १५ प्रतिशत उपभोक्ताको अंशदान देखाईयो । तर कार्य सम्पन्न प्रतिवेदनमा पनि अंशदान देखाउने व्यवस्था गर्नुपर्दछ ।

२३) कार्यालयले सार्वजनिक खरिद कार्य मितव्ययी हुने गरी गर्नुपर्दछ । यस नगरपालिकाले विभिन्न पदाधिकारी एवं कर्मचारीहरुलाई २७ थान मोबाइल खरिद गरी वितरण गरेको छ । विकास निर्माणको लागि पूंजीगत शिर्षकमा व्यवस्था भएको बजेटबाट कार्यालयले किफायती मुल्यको मोवाईल खरिद नगरी महंगो दरको मोवाईल खरिद गर्दा अनावश्यक आर्थिक भार परेको देखिएको रु. ... ११,०२,८८०।००

पुजिगत तर्फ :

| विवरण | थान | दर(रु.) | जम्मा मुल्य(रु.) |
|---|---|---|---|
| स्यामसुंग मोवाईल एस.टेन प्लस | १ | १,३२,००० | १,३२,००० |
| स्यामसुंग बड्स | २ | १२,४०० | २४,८०० |
| जम्मा मु.अ.कर बाहेक | | | १,५६,८०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | |
|---|---|---|
| मु.अ.कर | १३ प्रतिशत | २०,३८४ |
| जम्मा | | १,७७,१८४ |

चालुतर्फ : ( भौ.नं ५३६ ०७६।३।३१ कुल खर्च : रु.९,२५,६९६। )

| विवरण | थान | मुल्य(रु) |
|---|---|---|
| स्यामसुंग | १२ | २,६२,००० |
| हुवाई | ७ | २,४२,९०० |
| स्यामसुंग एस.टेन | १ | १,५४,००० |
| अन्य स्यामुसंग | ४ | १,५९,५०० |
| मु.अ.कर बाहेक जम्मा | | ८,१८,४०० |
| मु.अ.कर | १३ प्रतिशत | १,०७,२९६ |
| जम्मा | | ९,२५,६९६ |

२४) भौ.नं. २०० ०७६।३।३१ : नगरपालिकाको वडा नं १ शिवपुरदेखि सुखिपुर कृषि सडक निर्माण गर्न उपभोक्ता समितिसंगे मिति २०७६।२।५ मा सम्झौता भएको रु. ७,९९,९३६।- लागत अनुमानको काम कार्यालयले रु. ६,८३,४४१।- र उपभोक्ता समितिले काम सम्पन्न गरी रु.६,५९,७१८।- को मूल्याकंन प्रतिवेदन पेश भएकोमा विल भर्पाई परिक्षण गर्दा ९ मिटर लम्वाइको २० वटा पोल खरिद गरी शिव सप्लायर्स एण्ड ट्रेडर्सलाई मू.अ.कर समेत रु.१,७८,९९२।- खर्च लेखेको विल पेश भएको तर मूल्याकंन प्रतिवेदनमा ९ मिटरको १३ वटा र ८ मिटर लम्वाइको ७ वटा पोल लेइङ भएको सम्वन्धमा स्पष्ट गर्नुपर्ने, साथै ह्युम पाइपको खरिदको विल पेश नगरेको तर मूल्याकंन प्रतिवेदनमा २ वटा ह्युम पाइपको खर्च रु.७,०००।- जोडेको असुल गर्नुपर्ने रु......

७,०००।००

२५) **पदाधिकारी पारिश्रमिक :** नगरपालिकाले पेश गरेको नगरपालिकाका पदाधिकारीको सुविधा सम्वन्धी विवरण अनुसार ५० जना पदाधिकारीलाई वार्षिक रु. ८०,६४,०००।- तलव र वैठक भत्ता रु. १८,००,०००।- गरी जम्मा रु. ९८,६४,०००।- खर्च लेखेको पाइयो । मासिक पारिश्रमिक वाहेक संचार सुविधा, खाजा खर्च, पुस्तक पत्रपत्रिका, सरसफाइ, मर्मत लगायतका थप सुविधा दिएको पाइएन ।

**<u>शिक्षा तर्फ</u>**

२६) शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ को प्रकृया १(क) मा प्राविधिक धार संचालन भएका विद्यालयका प्रविधिक शिक्षकलाई प्राववविधिक ग्रेड वापत मासिक रु. ३,०००।- का दरले १० महिनाको मात्र दिने भनी उल्लेख भएकोमा यस कार्यालयबाट रामजानकी मा.वि.का ४ शिक्षकलाई १२ महिनाकै ग्रेड निकासा भएको पाइएकोले बढी निकासा भएको रकम असूल गरी सघीय कोष दाखिला गर्नु पर्ने रु. ...

२४,०००।००

२७) ४१।०७५।१०।१४ :नेपाल सरकार अर्थ मन्त्रालयद्धारा जारी परिपत्रमा पोशाक खर्च चैत महिनमा मात्र दिने व्यवस्था छ । शिक्षकको हकमा चौमासिक निकासा जाने भएमा अन्तिम चौमासिकमा निकासा दिनुपर्दछ । चैत महिना अगावै अवकाश भएमा सो पाइने व्यवस्था छैन । आधारभूत विद्यालय वैशाखाका शिक्षक श्री रामनारायण यादव ०७५।१०।२७ मा अवकास भएकोमा पनि सो पोशाक खर्च निकासा दिएकोले असुल गर्नुपर्ने रु.....

१०,०००।००

२८) ६६।०७५।११।१९ : कुनै शिक्षकको दोहोरो तलव पर्ने गरी निकासा दिनु हुदैन । आधारभुत दरवन्दी तर्फका जनता आधारभुत विद्यालयका शिक्षक श्री राजेन्द्र यादव ०७५।४।१३ देखि नै अवकास भएकोमा उक्त मितिसम्मको तवल प्रथम चौमासिक निकासामा भैसकेको, पुन दोस्रो चौमासिक निकासामा समेत दिएको पाइएकोले उक्त दोहोरो निकासा रकम असुल गर्नुपर्ने रु...........

१५,४६८।००

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th></tr>
<tr><td>२९)</td><td>१८१ ०७६।३।३१ : वालविकास तर्फका शिक्षक, माध्यामिक विद्यालयका लेखापाल तथा सबै विद्यालयका कार्यालय सहयोगी समेत ६१ जनाको पोशाक वापत रु.६,१०,००० खर्च लेखेकोमा सो रकम विद्यालय खातामा निकासा दिएको नपाइएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु...</td><td>६,१०,०००।००</td></tr>
<tr><td>३०)</td><td>१५९ ०७६।३।३१ : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीता भनि रु.१,००,०००।- खर्च गरेकोमा रु.५०,०००।- को मात्र विल भर्पाइ संलग्न गरी खर्च लेखेको पाइयो । प्रतियोगिता संञ्चालन भएको पुष्टि हुने कागजात विना स्टेशनरी विल रु.५०,०००।- मात्रको राखी खर्च लेखेको छ । अन्य रु.५००००।०० को सहभागी टिमलाई पुरस्कार वितरण भनी जानकारी भएकोमा सो को भपाई नभएको रु.......</td><td>५०,०००।००</td></tr>
<tr><td>३१)</td><td>१७१ ०७६।३।३१ : वार्षिक कार्यक्रम अनुसार पुस्तक वापत अनुदानको रकम संम्वन्धित विद्यालयलाई नै अनुदान दिनु पर्दछ । केही रकम अनुदान दिई कार्यालयबाटै रु.५,५५,०००।- को १० किसिमका ९४० थान पुस्तक खरिद गरी कार्यालयमा राखेको पाईयो । उक्त पुस्तक नगर शिक्षा समितिको निर्णय अनुसार खरिद गरेको पाईयो । यसरी सो पुस्तकहरु विद्यालयमा वुझाएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५,५५,०००।००</td></tr>
<tr><td>३२)</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम निर्माण कार्य वापत दिएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । कार्यालयले विभिन्न भौतिक निर्माण कार्य वापत निम्नानुसार विद्यालयलाई रकम निकासा दिएकोमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><th>विद्यालय</th><th>रकम</th><th>वापत</th></tr>
<tr><td>(क) आधारभुत विद्यालय, वलही</td><td>५,००,०००।-</td><td>शौचालय निर्माण</td></tr>
<tr><td>(ख) जनता मा.वि., कमलपुर</td><td>९,००,०००।-</td><td>,, ,,</td></tr>
<tr><td>(ग) ,, ,, ,,</td><td>३,२५,०००।-</td><td>विज्ञान प्रयोगशाला निर्माण</td></tr>
<tr><td>(घ) ज.चे.जि.उच्च मा.वि., कविलासी</td><td>३,२५,०००।-</td><td>,, ,, ,,</td></tr>
<tr><td>जम्मा</td><td>२०,५०,०००।-</td><td></td></tr>
</table></td><td>२०,५०,०००।००</td></tr>
<tr><td></td><td><u>कृषि पशु तर्फ</u></td><td></td></tr>
<tr><td>३३)</td><td>भौ.नं. १६३ ०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विल भर्भाइ सहित लेखा राख्नु पर्ने व्यवस्था भएकोमा यस नगरपालिकामा कार्यरत प.वि.अ.सुदिलाल यादवले ४५० किलो प्रति किलो रु. १००।- टियोसेन्टी घांस खरिद गरी भुक्तानी गरेकोमा त्यस मध्ये १८४ किलो घांसको भर्पाइ पेश भएको र २६६ किलो घांस बुझाएको भर्पाइ पेश नभएकोले उक्त प्रमाण पेश गर्नु पने अन्यथा असूल गर्नु पर्ने रु</td><td>२,६६,०००।००</td></tr>
<tr><td></td><td><u>स्वास्थ्य तर्फ</u></td><td></td></tr>
<tr><td>३४)</td><td>भौ.नं.१०६ ०७६।२।२१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम विल भर्पाइ पेश गर्नु पर्ने व्यवस्था भएकोमा निम्न व्यक्तिले बुझेको भर्पाइ पेश गर्नु पर्ने रु...
<table>
<tr><th>नाम पद</th><th>रकम</th></tr>
<tr><td>नगर प्रमुख राम औतार यादव</td><td>८५०।००</td></tr>
<tr><td>उपप्रमुख रेणु देवी साह</td><td>८५०।००</td></tr>
<tr><td>प्र.प्र.अ. रामजी जोशी</td><td>८५०।००</td></tr>
<tr><td>नि.स्वा.संयोजक रामदेव यादव</td><td>८५०।००</td></tr>
<tr><td>सह संयोजक अन्देश्वर यादव</td><td>८५०।००</td></tr>
<tr><td>जम्मा</td><td>४,२५०।००</td></tr>
</table></td><td>४,२५०।००</td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

३५) **संघीय सरकार** : भौ.नं. ५, ०७६।३।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम स्वीकृत बजेटबाट खर्च गर्नुपर्ने व्यवस्था भएकोले सूर्यउर्जा जडान वापत रु. ७,२३,७६०।०० को एक्साइड व्याट्री ८ थान र सोलार प्यानल ८ थान खरिद गरी भुक्तानी गरेकोमा २०७६।९।११ गते स्थलगत लेखापरीक्षणका क्रममा कुन प्रयोजनको लागि खरिद गरेको हो सोधपुछ गर्दा विद्यालयलाई दिएको हो तर कुन विद्यालयमा जडान भएको हो एकिन नभएको, हस्तान्तरण फाराम समेत नभएको नियमसम्मत नदेखिएको रु. **७,२३,७६०।००**

३६) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा निर्माण कार्यको वोलपत्रमा मिलेमतोको आशंका देखिएका वोलपत्र रद्द गर्न सकिने व्यवस्था छ । कार्यालयको निम्नानुसार कार्यको वोलपत्रहरुमा एउटा मात्र वोलपत्र रीतपूर्वकको आएको पाईएकोले निर्माण व्यवसायीको मिलेमतो रहेको हुन सक्ने देखिन्छ । यस तर्फ कार्यालयले ठेक्का रद्द गरी पुनः आव्हान गर्नेबारे कुनै कारवाही अगाडि बढाएको देखिएन । तसर्थ यस्ता मिलेमतो गरी आउने निर्माण व्यवसायी र स्वीकृत लागत इष्टिमेटको तुलनामा कुनै प्रतिस्पर्धा नभएको बारे कार्यालयले ध्यान दिएको पाइएन ।

| ठेक्का नं. | कार्य | वोलपत्र दर्ता | लागत इष्टिमेट | परेको विड रकम | कैफियत |
|---|---|---|---|---|---|
| २६ | कृषि विद्युतिकरण | ३ | ४८,७०,००० | ४८,३१,६९९ | ३ वटा दर्ता मध्ये एउटा मात्र रीत पुर्याई पर्न आएको |
| १८ | सडक कालोपत्रे | ३ | ५४,९६,६९१ | ५३,४७,३१० | ,, ,, ,, |
| ५० | विद्युतिकरण | २ | ४९,९३,६९४ | ४९,९६,४३१ | २ वटा ,, ,, |

उपरोक्त अनुसार कुनै प्रतिस्पर्धा नदेखिएको र पर्न आएको वोलपत्र मध्ये सबैमा एउटा मात्र रीतपूर्वकको वोलपत्र पर्न आएको (कुनैमा जमानत नराख्ने, कुनैमा अकं अक्षर फरक र कुनैमा एकमुष्ट रकम उल्लेख गर्ने) ले सो मा ध्यान दिएको पाइएन ।

३७) लागत अनुमान स्वीकृत गर्दा दर विश्लेषण राम्रोसंग गरी सार्वजनिक खरिद नियमावली वमोजिम एकिन गरी लागत अनुमान उल्लेख गर्नुपर्दछ । यस नगरपालिकाले विजुली पोल जडान वापत प्रति पोल ३ दक्ष ज्यामी र २५ अदक्ष ज्यामीको रु. ५,०८८।७५ कायम गरी लागत अनुमान गरेको पाइयो । यस जिल्ला भित्र अर्को एक पालिकाले रु.३५००।- मात्र कायम गरेको पाईन्छ । एकै किसिमका पोल वा पोल गाड्न एकै जिल्लामा फरक दर कायम गरिनुले अर्को पालिकाको तुलनामा धेरै रकम थप व्ययभार पर्न आएको पाईन्छ । दर विश्लेषण गर्दा जिल्ला दररेटलाई आधार लिई एकिन गरिनु पर्दछ ।

३८) आर्थिक वर्ष २०७५।०७६ मा यस नगरपालिकाले विभिन्न बजेट शिर्षकमा खर्च गर्दा काटेको अग्रिम आयकर तथा वहाल कर सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्नेमा करकट्टी सम्म गरेको तर दाखिला गर्न बाकि देखिएकोले उक्त रकम सिघ्र दाखिला गर्नुपर्ने रु.... **३१,४५,५१९।५५**

| विवरण | कर रकम(रु.) |
|---|---|
| वहाल कर | १९७२,६००।०० |
| अग्रिम आय कर | ११७२,९१९।५५ |
| जम्मा | ३१४५,५१९।५५ |

४०) **पदाधिकारी आर्थिक कारोबारमा संलग्न** : पालिकाका पदाधिकारीहरु नियमित कार्यहरुमा संलग्न भै पेश्की लिने, कर्मचारीले गर्ने कार्यमा खटिने आदी आर्थिक गतिविधिमा संलग्न हुन मिल्ने देखिदैन । यस पालिकाबाट निम्नानुसार कार्यक्रममा निर्वाचित पदाधिकारी आर्थिक गतिविधिमा संलग्न भएको पाइएकोले उक्त कार्यहरु नियमित कार्य भएको मानिदैन । केही उदाहरणहरु ;

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| गो.भौ.र मिति | कार्य | कैफियत |
|---|---|---|
| २६० ०७५।११।१८ | गहुको बिउ खरिद गर्न सप्तरी गएको | वडा नं ६ का वडा अध्यक्ष |
| ,, ,, | ,, ,, | वडा नं १ ,, |
| ,, ,, | ,, ,, | ,, ३ ,, |
| ,, ,, | ,, ,, | ,, २ ,, |
| ,, ,, | ,, ,, | ,, ४ ,, |
| ,, ,, | ,, ,, | ,, ५ ,, |
| ,, ,, | ,, ,, | ,, ७ ,, |
| ,, ,, | ,, ,, | ,, ९ ,, |
| ४११ ०७६।२।१५ | गाडी दुर्घटना भएको व्यक्तिको उपचार पेश्की | ९ नं वडा अध्यक्षले रु.४,००,००० लिएको |
| ५१४ ०७६।३।२९ | मर्मत विविध खर्च | ३ नं वडा अध्यक्षलाई भुक्तानी रु.२,३६,६८० |
| ५१७ ,, | विविध खर्च | ४ नं वडा अध्यक्षलाई भुक्तानी रु.१,७२,२६७ |
| ५२१ ,, | ,, ,, | ८ नं वडा अध्यक्षलाई रु.१,५५,००० भुक्तानी |

४१) **गाडि भाडा खर्च** : नगरपालिकाका पदाधिकारीहरुले गाडी सुविधा प्रयोग गरेको भनी निम्नानुसार गो.भौ.र मितिबाट गाडी भाडा खर्च लेखेको देखिन्छ । धेरै जसो भुक्तानीहरुमा सम्झौता नभएको, अवधि तथा मिति नखुलेको र आधार समेत देखिदैन । तसर्थ यसरी खर्च लेखेको रकम अनियमित देखिएको रु........ ४,६७,०००।००

| गो.भौ.र मिति | व्यहोरा | खर्च (रु.) | कैफियत |
|---|---|---|---|
| ४२९ ०७६।३।३१ | उप प्रमुखको लागि गाडी भाडा | १,९८,०००।- | अवधि नखुलेको |
| २८३ ०७५।११।१५ | दैनिक रु.४,००० का दरले भुक्तानी | ४०,०००।- | सम्झौता अवधि तथा प्रयोजन नखुलेको |
| २८४ ,, | ,, ,, ,, | ८०,०००।- | ,, ,, ,, |
| ५८३ ०७६।३।३१ | एकमुष्ट रुपमा दिएको | ५०,०००।- | ,, ,, ,, |
| ५८४ ,, | ,, ,, ,, | ९९,०००।- | ,, ,, ,, |
| | जम्मा | ४,६७,०००।- | |

४२) **विविध खर्च** : आर्थिक कार्यविधि नियमावली अनुसार कार्यालय प्रमुखले एक पटकमा रु. १०,०००।- सम्म विविधमा खर्च गर्न पाईने व्यवस्था छ । साथै उक्त खर्चहरु पनि मनासिव किसिमबाट खर्च लेखी पारदर्शी ढंगबाट आवश्यक खर्च मात्र गरिनु पर्दछ । नगरपालिकाबाट भएका निम्नानुसार विविध खर्च रकम नियमले पाईने भन्दा बढी खर्च लेखेको, खर्चको प्रयोजन नखुलेको, आवश्यक कार्य भन्दा बाहिर खर्च लेखेको जस्ता व्यहोरा देखिएकोले उक्त खर्चहरु नियमित मान्न सकिएन रु............ १४,९३,६०९।००

| गो.भौ.र मिति | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| २५४ ०७५।११।२ | खाना,खाजा खर्च | ३,८४,४७०।- | असोजदेखि माघसम्मको भनी २१ थान रिमझिम होटलको विलबाट भुक्तानी |
| ५५० ०७६।३।३१ | वैठक खर्च | ४,५६,०५४।- | होटल नेमानको ९ थान विल |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५६९ ,, | खाना रुम चार्ज | २,९३,४६५।- | प्रयोजन नखुलेको दरबार होटललाई भुक्तानी |
| ५८९ ,, | खाजा खर्च | १,१०,०७०।- | ,, ,, मामा भान्जा होटललाई भुक्तानी |
| ५९० ,, | खाना मासु | २,४९,५५०।- | रिमझिम होटलको विलबाट भुक्तानी |
| जम्मा | | १४९३६०९।०० | |

४३) १३ ०७५।६।५ : निजामति सेवा ऐन, २०४९ वमोजिम सरुवा भै आएको कार्यालयबाट सरुवा भ्रमण खर्च लेख्नु पर्दछ । त्यहा बजेट नभएमा रमाना वा पत्रमा स्पष्ट नलिएको व्यहोरा खोली हाजिरी हुन आएको कार्यालयबाट भुक्तानी लिनुपर्ने व्यवस्था छ । लेखा अधिकृत श्री सचितानन्द प्रसाद नन्द म.ले.नि.का.बाट सरुवा भै आएकोमा रमाना संलग्न नहुनु साथै त्यहाबाट नलिएको भन्ने कुनै प्रमाण नभएको हुदा सो को प्रमाण भए पेश गर्ने अन्यथा दोहोरो खर्च मानी असुल गर्नुपर्ने रु........... १४,९००।००

४४) २५० ०७५।११।१३ : के कार्यका लागि सामान खरिद गरिएको हो सो को प्रयाप्त प्रमाण संलग्न गरी आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६(८) अनुसार प्रमाण श्रेस्तासाथ संलग्न गरी राख्नुपर्दछ । हाइब्रिड बोका खरिद गरेको भनि वडा नं ६ का वडा अध्यक्ष श्री रामेश्वर शाहालाई रु.५७,०००।- भुक्तानी दिएको छ । उक्त बोका खरिदको साधारण कागजमा भर्पाइ गरिएको छ । यसरी सो बोका के प्रयोजन तथा कसलाई बुझाइयो, सो को भर्पाइ नहुनुको साथै खरिद मुल्य मापन गर्ने अधार समेत नभएकोले खर्चको पुष्ट्याई नभएको रु...... ५७,०००।००

४५) आर्थिक कार्यविधि नियमावली अनुसार मेशीनरी सञ्चालनको लगबुक भरी इन्धन खर्च भएको प्रमाणित गरी सो को प्रयोजन एवं आम्दानी समेत भएमा सो आम्दानी बाधेर मात्र इन्धन खर्च गरिनुपर्दछ । कार्यालयले निम्नानुसार गो.भौ.र मितिबाट नगरपालिकाको जे.सि.बी.र ट्रयाक्टर सञ्चालन भएको इन्धन खर्चको कुनै लगबुक नभरेको र सो सञ्चालन कुन प्रयोजनमा भएको हो सो नखुलाई र सञ्चालनबाट भएको आम्दानी समेत नदेखिएको हुदा उक्त इन्धन खर्च नियमित मान्न सकिएन रु.... ११,०८,५५८।००

| गो.भौ.र मिति | इन्धन खर्च (रु.) |
|---|---|
| २५३ ०७५।११।२ | १,७८,८०३।- |
| २७१ ०७५।११।२३ | ३७,९९९।- |
| ४०५ ०७६।२।१० | २,२०,५७६।- |
| ४०८ ,, | ४,७१,२९६।- |
| ४१० ,, | १,९९,८७८ ।- |
| जम्मा | ११०८५५८।- |

४६) २७४ ०७५।११।१३ : विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी गरिएको स्वीकृत नर्म्स बमोजिम मात्र खर्च गर्नु पर्दछ । कार्यालयले कर्मचारी क्षमता अभिवृद्धि तालिम भनी रु. ४,३१,३१०।- खर्च लेखी लहानमा सम्पन्न गरेको कार्यक्रममा निम्नानुसार देखियो :

(क) कार्यालय परिसरबाट लहान बजार १५ कि.मि.क्षेत्रभित्र संचालन भएको छ । २० कि.मि. भन्दा भित्रको क्षेत्रमा दैनिक भत्ता समेत लिन मिल्दैन । तालिममा सहभागि कर्मचारीहरुलाई सहभागी दैनिक भत्ता भनी पद अनुसारको दैनिक भत्ता रकम दिइ होटल बास खर्च प्रति व्यक्ति रु.१२००।- दरले र खाना खर्च समेत प्रति व्यक्ति रु.३००।- दरले खर्च लेखेको पाइयो । यसरी यातायात खर्च समेत दैनिक रु.४००।- दरले खर्च लेखिएको ३ दिने कार्यक्रममा सहभागी भत्ता भनी दैनिक भत्ता दिएपछि खाना खर्च र बास खर्च रकम १६ कर्मचारीको असुल गर्नुपर्ने रु..... १,०१,४००।००

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th></tr>
<tr><td></td><td>(ख) ३ दिने कार्यक्रममा कार्यक्रम संयोजकले एक दिन बढीको समेत मात्र रु.४,०००।- संयोजक भत्ता पाउनेमा रु.२५००।- दरले ४ दिनको रु.१०,०००।- खर्च लेखेकोले कर कट्टी पछि बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु...</td><td>५,१००।००</td></tr>
<tr><td>४७)</td><td>मु.अ.कर विजक : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ एवं नियमावली, २०५३ को नियम १७ र आन्तरिक राजश्व विभागको मिति ०५६।६।७ को परिपत्र अनुसार मू.अ. करमा दर्ता भएको विक्रेताले मू.अ.कर विजकमा प्रष्टसंग प्रीन्टेड विजक क्रम संख्या राखी जारी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार विक्रेताको विजक नं हातले लेखेको पाइकोले निजले उक्त विजकबाट प्राप्त मु.अ.कर निजको मासिक कर विवरणमा समायोजन गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु....
<table>
<tr><th>गो.भौ.र मिति</th><th>विक्रेता</th><th>विजक नं र मिति</th><th>मु.अ.कर रु.</th></tr>
<tr><td>४३० ०७६।३।३</td><td>अतिथि इण्टरनेसनल कन्सलटेन्सी (६०३५८३२९८)</td><td>००००२० ०७६।२।३२</td><td>५७,३३०।-</td></tr>
<tr><td>४३१ „</td><td>रिसर्च एण्ड म्यानेजमेण्ट ( ६०३५८७०५२)</td><td>००००१४ ०७६।३।३१</td><td>५७,४६०।-</td></tr>
<tr><td>५६१ ०७६।३।३१</td><td>जनकपुर टुडे</td><td>६८२ ०७५।१२।२७</td><td>२१३४०।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,३६,१३०।-</td></tr>
</table></td><td>१,३६,१३०।००</td></tr>
<tr><td>४८)</td><td>४९५।२०७६।३।१९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) वमोजिम खर्च गरिएका विल भर्पाइहरु श्रेस्ता साथ संलग्न राखिनु पर्दछ । कार्यालयले निम्नानुसार खर्च गरेको रकमहरुको गोश्वारा भौचर साथ कुनै प्रमाण संलग्न नभएकोले प्रमाण बिना खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. र मिति</th><th>व्यहोरा</th><th>रकम (रु.)</th><th>कैफियत</th></tr>
<tr><td>४९५ ०७६।३।१९</td><td>मसलन्द कार्यालय सामान भनिएको</td><td>४०,२००।-</td><td>कुनै विल भर्पाइ नभएको</td></tr>
</table></td><td>४०२००।००</td></tr>
<tr><td>४९)</td><td>४७६ ०७६।३।२९ : निशुल्क स्वास्थ्य शिविर सञ्चालन भनि रु.१,०९,२९२।- खर्च लेखेकोमा औषधिको विल भन्दा अन्य प्रमाण नभएकाले के कतिलाई सेवा दिएको सो को नामावली, तस्वीर, डाक्टरको उपस्थिती लगायतका केही प्रेस्कृप्सन समेत संलग्न गर्नुपर्नेमा कुनै प्रमाण नभएकाले सो खर्च वास्तविक मान्न नसकिने रु....</td><td>१,०९,२९२।००</td></tr>
<tr><td>५०)</td><td>५३४ ०७६।३।३१ : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम गोष्ठी तथा अनुगमन खर्चमा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी दिनुपर्दछ । कार्यालयले मेयर समेतका कार्यपालिका पदाधिकारीलाई गोष्ठी सम्वन्धी खर्च भनी रु.५००,०००।- खर्च लेखेकोमा १५ प्रतिशत ले रु.७५,०००।- कट्टि गर्नुपर्नेमा सो नगरेको हुदा उक्त कर असुल गर्नुपर्ने रु....</td><td>७५,०००।००</td></tr>
<tr><td>५१)</td><td>५९१ ०७६।३।३१ : २०७६ वैशाख, जेठ र असारमा विहान वेलुका अतिरिक्त समय काम गरेको भनि १० जना कर्मचारीको लागि रु.३,१६,३०५।- खर्च लेखेकोमा उक्त हाजिरी प्रविधि विद्युतीय प्रणालीमा रहेकोले अतिरिक्त समय देखिने गरी प्रींट गरी संलग्न गर्नुपर्नेमा सो नभएको साथै उक्त कर्मचारीहरु मासिक पारिश्रमिक तथा प्रोत्साहन भत्ता समेत गर्दा पारिश्रमिक कर लाग्ने सीमामा पुग्ने देखिएकोमा सामाजिक सुरक्षा कर १ प्रतिशत मात्र कट्टी गरेकोले नपुग ९ प्रतिशत कर असुल गर्नुपर्ने रु.....</td><td>२८,४६७।००</td></tr>
<tr><td>५२)</td><td>सार्वजानिक खरिद नियामावली, २०६४ को नियम ८ मा कार्यालयको बार्षिक खरिद योजना बनाई मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा प्रचलित बजार भाउ, अन्य निकायले गरेको खरिद मूल्य, अघिल्ला वर्षमा सोही समान खरिद गर्दा लागेको वास्तविक मूल्य, स्थानीय उद्योग वाणिजय संघले जारी गरेको दररेट आदिलाई आधार लिई लागतत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्थ सार्वजानिक खरिद ऐनको दफा ४ मा धैरै परिमानमा खरिद गर्दा समानको विशेष आवश्यकता समेत हुनुपर्ने व्यावस्था छ । कार्यालयले निम्नानुसार सामानहरु</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

खरिद गर्दा वार्षिक खरिद योजना बनाएको, लागत अनुमान स्वीकृत गरेको र प्रचलित बजार दरलाई समेत ध्यान दिई खरिद गरेको पाईएन । निम्न विवरण अनुसार एउटै आपूर्तकलाई एकै पटक भूक्तानी दिदाँ टेन्डर प्रकृया अपनाईएको भएता पनि लागत अनुमान स्वीकृति नगरी टेन्डर भएकोले खरिद मूल्य समेत केही सामानमा अस्वाभाविक देखनुको साथै ठूलो परिमाणमा एकै पटक खरिद गर्नुपर्नाको आधार समेत अस्पष्ट छैन ।

| गो.भौ.र मिति | कार्य विवरण | खरिद मुल्य(रु.) | कैफियत |
|---|---|---|---|
| ५३७ ०७६।३।३१ | फोटोकपी पेपर ८८ रीम | ४,९७,२००।- | रौतहटको मनोकामना अफसेट प्रेस |
| ५३८ ,, | स्टेशनरी विभिन्न आइटम | ४,७२,३४०।- | ,, ,, ,, |
| ५३९ ,, | विभिन्न फारम र स्टेशनरी | ५६,३०,७९०।- | ,, ,, ,, |
| ५४१ ,, | १० किसिमका सामान, कार्टिज, फाईल आदी | १९,९८,५४६।- | जनता ट्रेर्डस |
| जम्मा | | ८५,९८,८७६।- | |

५३) उपरोक्त खरिदमा निम्नानुसार व्यहोराहरु देखिएकोले यस सम्बन्धमा मितव्ययिता, आवश्यकता र प्रचलित बजार भाउको विश्लेषण नगरेको हुदाँ उक्त खरिद कार्य उपयुक्त मान्न सकिदैन ।

(क) एउटै आपूर्तकलाई एकै पटक रु. ६५,९०३३०/- भूक्तानी गरिएकोमा सो वाट खरिद परिमाण ठूलो मात्रामा देखिन्छ । जस्तै नौ किसिमका प्रमाणपत्र फर्मेट ६०० ठेली, लेटर प्याड ४००, पाइलट कलम ३४२ थान, (२ वटा टेन्डरवाट) खरिद सान्दर्भिक देखिदैन ।

(ख) छाता १०० थान रु. १००,०००/-, १०० थान रेनकोट रु. ४००,०००/-, टावेल १०० थान रु. १००,०००/-, ब्याग ८० थान रु. ४००,०००/- जस्ता अस्वभाविक देखिएको र आवश्यकताको पहिचान समेत गरेको देखिएन । साथै कार्यालयमा कर्मचारी ५७ जना पदाधिकारी ६३ जना गरी वार्षिक औषत १२० व्यक्ती रहेकोमा छाता र रेनकोट दुवै थरी सामान बुझाएको भनाई रहेको उपयुक्त मान्न सकिएन ।

(ग) जिन्सी खाता समेत अधावधिक गरेको देखिएन ।
(घ) केही खरिद टुक्रयाई समेत गरेको पाइएकोले वार्षिक योजना र बोलपत्र समेतमा समावेश हुनुपर्दछ ।

५४) नगरसभाको निर्णयद्धारा मेयरलाई रु.२५,०००।- सम्म आर्थिक सहयोग गर्न सक्ने गरी अख्तियारी दिएको पाईन्छ । सोही अनुसार नगर प्रमुखद्धारा रु.२५,०००।- सम्मको धेरै जनालाई सहयोग गरेको पाइन्छ । तर कडा रोग लागि उपचार गर्न नसकेकालाई सहयोग गर्दा नागरिकता प्रमाण पत्रको आधारमा सहयोग गरेको देखिन्छ, निज पिडितको के रोग हो, प्रेस्क्प्सन प्रतिलिति आदी राखी सहयोग दिनुपर्नेमा नागरिकता प्रतिलिपिको आधारमा मात्र सहयोग गरिनुले वास्तविक सहयोग हो भन्न सकिएन । घरको अवस्था दयनीय भएकोले छोराछारी पालनपोषण गर्न गाह्रो भएको भन्नेलाई समेत रु.२५,०००।- सहयोग गरेको पाइयो । ४ वटा घातक रोग लागेका व्यक्तिलाई मात्र आर्थिक सहयोग गर्न सकिने भनी कार्यविधि बनेको हुदा जो जसलाई पनि आर्थिक सहयोग गर्नु मनासिव देखिएन ।

५५) **सामाजिक सुरक्षा** : नगरपालिका अन्तर्गत १० वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको मध्ये सबैभन्दा बढी भत्ता वितरण गर्ने वडा नं. ६ र पांचौ स्थानमा पर्ने वडा नं. १० परीक्षण गर्दा निम्नानुसार देखियो :

(क) सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा २३ बमोजिम बैंक मार्फत भत्ता वितरण गर्नु पर्ने र सो सम्भव नभए दफा २२ बमोजिम नगद वितरणको लागि मन्त्रालयको स्वीकृति लिनु पर्ने उल्लेख छ । गाउंपालिकाले सो अनुसार स्वीकृति नलिई नगद वितरण गरेको छ ।

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

(ख) कार्यविधिको दफा १६(क) बमोजिम भत्ता वितरणको प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेष्ठको १ गतेवाट दोश्रो हप्ता भित्र भुक्तानी गरिसक्नु पर्ने व्यवस्था छ । वडा कार्यालयबाट भत्ता वितरण गरेको भर्पाइ परीक्षण गर्दा प्रथम चौमासिक चैत्र पहिलो हप्तासम्म, दोश्रो चौमासिक जेष्ठको चौथो हप्तासम्म वितरण गरेको र तेश्रो चौमासिक भत्ता पेश्कीकै रुपमा बांकी रहेको पाइएकोले उपरोक्त कार्यविधिको नियम पालना भएको देखिएन ।

(ग) कार्यविधिको दफा १० बमोजिम भत्ता वितरणको लागि व्यवस्थापन सूचना प्रणाली ( MIS) अद्यावधिक गर्नु पर्ने र सो अनुसार मात्र भत्ता वितरण गर्नु पर्नेमा सो भएको देखिएन । साथै एम आइ एस विवरण अद्यावधिक नगरी वडा नं. ६ ले हातले नाम थपी पहिलो चौमासिकमा जेष्ठ नागरिकदेखि वालवालिकासम्म ९ जनालाई रु. ३८,४००। भुक्तानी गरेको छ ।

(घ) कार्यविधिको दफा ३३, ३४ र ३५ बमोजिम भत्ता वितरणको पारदर्शिता कायम गर्ने सम्वन्धमा स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरु एवं एफ एम लगायतका सन्चाल माध्यमहरुबाट प्रचारप्रसार गर्ने, भत्ता वितरणको सार्वजनिक गर्नु पर्ने र वडा समितिले सार्वजनिक सुनुवाई समेत गरी सो को व्यहोरा स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो भए गरेको प्रमाण पेश हुन आएन ।

५६) वडा नं.६ ले प्रथम, दोश्रो र तेश्रो चौमासिक भत्ता वितरण गरेको भर्पाइ परीक्षण गर्दा निम्नानुसार दोहोरो भुक्तानी भएको पाइएकोले सो रकम असूल गरी बेरुजु राजस्व खातामा दाखिला गर्नु पर्ने जम्मा रु. १,४८,०००।००

| लाभग्राही | ना.प्र.नं. | भुक्तानी रकम | दोहोरो भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| प्रथम चौमासिक<br>जे.अ.कमला देवी क्षेत्री | ९०८३२८५० | ८००० | ८०००। | सि.नं.४ र ४९५ मा हातले लेखी भुक्तानी |
| जे.अ.कुनकुन मोची | १३४२ | ८००० | ८०००। | सि.नं.८ र १६१ जे.द. |
| जे.अ.भुटनी वती मोची | ९०८३१७९७ | ८००० | ८०००। | सि.नं.६० र २१३ जे.द. |
| ,, राम अधिन यादव | ९०८३-२८७४ | ८००० | ८००० | सि.नं.९२ र १०० |
| ,, सोनफि पासवान | ४२२१४६२८ | ८००० | ८००० | सि.नं.१४० र २५२ जे.द. |
| ,, हंसा देवी यादव | ८७२१-४०६८ | ८००० | ८००० | सि.नं. १४५ र १४८ |
| वि.सावित्री देवी तेली | ८७२१-४४६२ | ४००० | ४०००। | सि.नं.३१६ र ३१९ |
| जम्मा | | | ५२०००। | |

| लाभग्राही | ना.प्र.नं. | भुक्तानी रकम | दोहोरो भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| दोश्रो चौमासिक<br>जे.अ.कुनकुन मोची | १३४२ | ८००० | ८०००। | सि.नं. ८ र १४८ जे.द. |
| जे.अ.भुटनी वती मोची | ९०८३१७९७ | ८००० | ८०००। | सि.नं.५५ र १९९ जे.द. |
| ,, राम अधिन यादव | ९०८३-२८७४ | ८००० | ८००० | सि.नं.८३ र ९१ |
| ,, सोनफि पासवान | ४२२१४६२८ | ८००० | ८००० | सि.नं.१२९ र २३८ जे.द. |
| वि.सावित्री देवी तेली | ८७२१-४४६२ | ४००० | ४०००। | सि.नं.३१६ र ३१९ |
| वि.सवित्री देवी हजाम | ८२२१४५०५ | ४००० | ४०००। | सि.नं.२०४ र ३०८ |
| जे.अ.खजनी यादव | ९०८३३६५० | ८००० | ८०००। | सि.नं.१० र ११ |
| ,, दुखनी देवी यादव | ८७२१४०८० | ८००० | ८०००। | सि.नं.३१ र ३२ |
| जम्मा | | | ५६०००। | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| तेश्रो चौमासिक<br>जे.अ.कुनकुन मोची | १३४२ | ८००० | ८०००। | सि.नं. ८ र १६१ जे.द. |
| जे.अ.भुटनी वती मोची | ९०८३१७९७ | ८००० | ८०००। | सि.नं.६१ र २१३ जे.द. |
| ,, राम अधिन यादव | ९०८३-२८७४ | ८००० | ८००० | सि.नं.९३ र १०१ |
| ,, सोनफि पासवान | ४२२१४६२८ | ८००० | ८००० | सि.नं.१४१ र २५३ जे.द. |
| वि.सावित्री देवी तेली | ८७२१-४४६२ | ४००० | ४०००। | सि.नं.३१६ र ३२० |
| वि.सवित्री देवी हजाम | ८२२१४५०५ | ४००० | ४०००। | सि.नं.३१८ र ३२२ |
| जम्मा | | | ४००००। | |
| **कुलजम्मा** | | | **१४८०००** | |

५७) वडा नं. ६ को तेश्रो चौमासिक पेश्की फछ्र्यौट गर्दा पेश्की रकम सबै बजेट खर्च जनाएको, तर भर्पाइ रु. २४,३९,६००।०० मात्र भएकोले वांकी रु. ८०००। संघीय कोष जम्मा भएको प्रमाण पेश गर्नु पर्ने रु. ... ८०००।००

५८) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा सघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत रु ६,१५,७५,०००।- बजेट प्राप्त गरेको मध्ये पहिलो, दोस्रो तथा तेश्रो किस्ता गरी जम्मा रु. ५,९०,९१,२००।- खर्च भै बांकी रु. २४,८३,८००।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेमा नगरपालिकाको कोष खातामै मौज्दात रहेको देखियो । उक्त रकम सञ्चित कोष दाखिला गर्नु पर्ने रु. २४,८३,८००।००

५९) निम्न वडाहरुमा भत्ता वितरण गरी भर्पाइ सहित पेश्की फछ्र्यौट गर्दा नपुग रकम थप भुक्तानीको लागि वडा सचिवको नाममा चेक काटेको तर चेक बुझ्री नलगेकोले सो चेक वरावरको रकम नगरपालिकाकै संचित कोषमा मौज्दात रहेको सो रकम बेरुजु खातामा जम्मा गर्नु पर्ने रु. ... ९४,८००।००

| भौ.नं र मिति | वडा नं. र चौमासिक | बजेट खर्च | पेश्की फछ्र्यौट | नपुग भुक्तानी चेक नबुझेको | चेकवाहक वडा सचिव |
|---|---|---|---|---|---|
| ४५३ ०७६।३।१६ | ७ को दोश्रो | १५१००००। | १५०९६००। | ४००। | रामकरण दास |
| ४५४ ,, | ३ ,, | १६४६४००। | १६४२४००। | ४०००। | विष्णुदेव सहनी |
| ४५९ ,, | ९ ,, | ११२९६००। | १०८१६००। | ४८०००। | रामनाथ मण्डल |
| ४६० ,, | ८ ,, | २१४६०००। | २१२४०००। | २२०००। | ,, |
| ४६१ ,, | १ ,, | १६४०४००। | १६२००००। | २०४००। | ,, |
| | जम्मा | | | ९४,८००। | |

६०) निम्न वडाहरुमा भत्ता वितरण गरेको भर्पाइ सहित वांकी रकम नगरपालिकाको कोषमा जम्मा गरेको सक्कल बैंक भौचर सहित पेश्की फछ्र्यौट भएकोमा सो को लेखांकन गर्दा पेश्की बरावर रकम नै ब.ख. जनाई फछ्र्यौट गरेकोले वितरणपछि बांकी रहेको रकम कोष फिर्ता दाखिला गरेको, तर श्रेस्ताबाट आम्दानी देखिएन, र नपाको कोष खातामै मौज्दात रहकोले सो रकम संघीय कोषमा दाखिला हुन सकेन । तसर्थ बेरुजु राजस्व खातामा दाखिला गर्नु पर्ने रु. ...

| भौ.नं. र मिति | वडा नं. र चौमासिक | पेश्की फछ्र्यौट बजेट खर्च | भर्पाइ जोडजम्मा | न.पा.कोषमा जम्मा | दाखिला मिति |
|---|---|---|---|---|---|
| ४५५ ०७६।३।१६ | १० को दोश्रो | १७९१,२००। | १७५५,२००। | ३६,०००। | ०७६।२।८ |
| ४५६ ,, | २ ,, | २१११,२००। | २०४३,२००। | ६८,०००। | ०७६।३।१६ र १७ |
| ४५७ ,, | ४ ,, | १७२८,४००। | १७२५,२००। | ३,२००। | ०७६।२।८ |

४,४७,२००।००

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४५८ ,, | ५ ,, | १८९९,२००। | १८९८,८००। | ४००। | ०७६।३।१७ |
| ४६१ ,, | १ ,, | १६२०,०००। | १५९५,२००। | २४,८००। | ०७६।३।१७ |
| ६२० ३।३१ | ४ को तेश्रो | २३७४,४००। | २१६४,०००। | २१०,४००। | ०७६।३।३१ |
| ६२४ ,, | १० को तेश्रो | २४७९,२००। | २३७४,८००। | १०४,४००। | ,, |
| | जम्मा | | | ४४७,२००। | |

६१) **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने र नगरेमा वांकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज लगाई असूल गर्नु पर्ने व्यवस्था छ। नियमानुसार फछ्र्यौट हुनु पर्दछ रु. ... ३४,२८,०००।००

| भौ.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | जम्मा |
|---|---|---|---|
| ४४४ | राम करण यादव | २७२८,०००। | सा.सु. तेश्रो चौमासिक |
| | शत्रुधन प्रसाद साह | ७००,०००। | नगर महोत्सव आर्थिक व्यवस्थापन समिति |
| | जम्मा | ३,४२८,०००। | |

६२) <u>**राजस्व :**</u>

(क) **पोखरी ठेक्का** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार आन्तरिक आयका ठेक्का पट्टाहरुमा असुल भएको रकममा १३ प्रतिशत मू.अ.कर असुल गर्नु पर्दछ। तर पोखरी ठेक्का दिएकोमा मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन। कार्यालयको अभिलेख अनुसार विभिन्न पोखरी ठेक्कावाट जम्मा रु.२३,६५,५९७- राजस्व आम्दानी भएकोमा उपरोक्त नियम अनुसार लाग्ने मू.अ.कर रु. ३,०७,५२७।- सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु. ३,०७,५२५।००

(ख) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम राजस्व रकम बुझ्ने र दाखिला गर्ने व्यवस्था भएकोमा पोखरी ३ वर्षको लागि रु. २,१५,०००।- मा श्री अनिल कुमार साहलाई ठेक्का दिंदा प्रथम किस्ता वापत रु. ७१,६६७- र मू.अ.कर रु.९,३१६।- गरी जम्मा रु. ८०,९८३। असूल गर्नु पर्नेमा हालसम्म असूल नभएकोले असूल गरी भौचर पेश गर्नु पर्ने रु. .. ८०,९८३।००

(ग) निम्न व्यक्तिहरुले बुधरी बजार ठेक्कामा लिंदा २०७६।९।११ सम्म पनि ठेक्का वमोजिमको रकम नतिरेकोले असूल गर्नु पर्ने रु. २,२७,१४८।००

| ठेक्दारको नाम | कामको विवरण | ठेक्का रकम | असूल भएको | असूल गर्न बांकी (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| देव चौत्ररी, सुखीपुर ८ | ग्रामिण गुदरी बजार | ३४१,२८०। | २२७,३४०। | १२८,७५२।- |
| मणिराम सहनी, ,, ३ | ,, | ४५,६१५। | १५,२०५। | ३४,३६३।- |
| चन्देश्वर मण्डल ,,२ | छजना बजार | ८५,०००। | २८,३३४। | ६४,०३२।- |
| जम्मा | | | | २२७,१४७।- |

६३) **धरौटी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा मू.अ.कर समायोजन र आयकर चुक्ता गरेको कागजात पेश भएपछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था भएकामा यस नगरपालिकाले निम्न निर्माण व्यवसायीलाई कार्यसम्पन्न भएपछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयको करचुक्ताको प्रमाण मात्र पेश भएकोले कर समायोजनको प्रमाण समेत पेश गर्नु पर्दछ।

| भौ.नं. र मिति | व्यवसायीको नाम | ठेक्का नं. | धरौटी रकम |
|---|---|---|---|
| ६४ ०७५।११।१९ | जयमा दुर्गा भगवती कन्स्ट्रक्सन, सिराहा | ०३। ०७३।७४ | ५,३२,३५०।७४ |
| ६८ ०७५।१२।४ | प्राप्ती निर्माण सेवा ,, | ०२।०७३।७४ | २,४५,९३७।०० |

६४) **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th></tr>
<tr><td>६५)</td><td>
<table>
<tr><th>गत वर्षसम्मको बेरुजु रकम (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>५३५५४,२९६।५३</td><td>०</td><td>५३,५५४,२९६।५३</td></tr>
</table>
<br>
अद्यावधिक बेरुजु स्थिति : नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी ( C+D+E)</th></tr>
<tr><td>५३,५५४,२९६।५३</td><td>०।००</td><td>२८३२२,९९७।५५</td><td>८१८७७२९४।०८</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।
</td><td></td></tr>
</table>

अनुसूची १

## सुखीपुर नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि. नं | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| | सिरहा | सुखीपुर न.पा. | २७ | ३८ | २८३२३ | - | - | - | २७ | ३८ | २८३२३ | १०२८ | १०२३७ | १३६३० | - | - | २३८६७ | ३४२८ | - | ३४२८ |

अनुसूची- २

## सुखीपुर नगरपालिकाको सञ्चित कोष विवरण
### आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ८ | सुखीपुर न.पा. | सिरहा | ६३३०१ | ११३५८० | २५१२४४ | १०५७४४ | ४७०५६८ | २६०४२८ | २५०८६६ | ६२३० | ५१७५२४ | १६३४५ |

अनुसूची- ३

## सुखीपुर नगरपालिकाको अद्यावधिक बेरुजु स्थिति
### आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बांकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बांकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुखीपुर न.पा. | सिरहा | ५३५५४ | - | ५३५५४ | - | २८३२३ | ८१८७७ |